# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# व्यवसाय प्रवर्द्धन केन्द्र

पोखरा सभागृह, नेपाल

Postal Code: 6X6P+F2H Pokhara
ईमेल: bpcpokhara.2079@gmail.com
वेबसाइट: pokharamun.gov.np

पत्र संख्या : २०७९/८०
च.नं. :

मितिः २०८०/०१/०३

## व्यवसाय प्रवर्द्धन केन्द्रको सिस्टम विकास सम्बन्धी सूचना

पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा अन्तर्गत सञ्चालीत व्यवसाय प्रवर्द्धन केन्द्रको आ.व. २०७९/८० मा निर्देशक समिति द्वारा स्विकृत कार्यक्रम अनुसार व्यवसाय प्रवर्द्धन केन्द्रको सिस्टम (वेभ र एप्लिकेसन) विकासका लागि आवश्यक योग्यता पुगेका ईच्छुक कम्पनी/फर्म, संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र तपसील बमोजिमका विवरणहरु सहित रु १०००/- (अक्षरुपी रूपैयाँ एक हजार मात्र) को सक्कल रसिद सहित प्रस्तावना पेश गर्न आब्हान गरिन्छ।

**प्रस्तावना पेश गर्नेको योग्यता**

- सिस्टम विकास र कार्यान्वयन, नेटवर्किङ आदि मा कम्तिमा ३ वर्ष प्रासंगिक अनुभव भएको
- सिस्टमका समस्या निवारण र मर्मतसम्भार, नेटवर्किङ र विभिन्न स्थानहरूमा विभिन्न कार्यालयहरूमा अन्तर-लिङ्किङको अनुभव भएको
- कम्तिमा एउटा एप्लिकेसन आईओएसमा र कम्तिमा दस एन्ड्रोइड एप्लिकेसन प्लेस्टोरमा प्रकाशन गरेको हुनुपर्नेछ
- सफ्टवेयर समर्थन, सुरक्षा र सुरक्षा प्रणालीको साथसाथै प्रयोगकर्ताहरूलाई सम्बन्धित प्रशिक्षण/अभिमुखीकरणको व्यावहारिक ज्ञान भएको
- जन सेवाका क्षेत्रमा काम (वेव, एप्लिकेसन) बनाएको हुनुपर्नेछ
- सरकारी एकीकृत डाटा/प्रणाली प्रशासन प्रणालीका साथै डाटा संरक्षण, सुरक्षा र डाटाबेस विकास, कार्यान्वयन र सुरक्षा प्रणालीसँग सम्बन्धित अन्य आवश्यक संयन्त्रहरूको ज्ञान भएको
- भ्याटमा दर्ता भएको २ वर्ष हुनुपर्नेछ।

**प्रस्तावना साथ पेश गर्नुपर्ने कागजातहरु**

- कम्पनि/फर्म तथा संस्थाको दर्ता प्रमाणपत्र र भ्याट दर्ता प्रमाणपत्र।
- आ.व. ०७८/०७९ को कर चुक्ता सहित गत ३ वर्षको लेखा परिक्षण प्रतिवेदन।
- प्रस्तावना/आर्थिक प्रस्तावना सहित।
- कार्यक्रमको मोडल।
- आधिकारीक व्यक्तिको नागरिकताको प्रतिलिपि।
- एप्लिकेसन आईओएसमा र एन्ड्रोइडमा प्रकाशन गरेको प्रमाण।
- राष्ट्रिय वाणिज्य बैंकको खाता नं ३०२०१००३०१०१०००२ मा दस्तुर जम्मा गरेको रसिदको सक्कल।

आवेदन पेश गर्ने अन्तिम मिति २०८० वैशाख १० सम्म।

................................
नवराज अधिकारी
प्रमुख कार्यकारी अधिकृत

'व्यवसायीक र सृजनशील प्रशासन, विकास, समृद्धि र सुशासन'